# स्थानीय राजपत्र

## खैरहनी नगरपालिकाद्वारा प्रकाशित

## खण्ड (४) चितवन, कार्तिक २४, २०७७ साल अंक ३

### भाग ३

### खैरहनी नगरपालिका

### नगरकार्यपालिकाको कार्यालय

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम खैरहनी नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**संवत् २०७७ को कार्यविधि नं. ३**

**अति विपन्न परिवारको लागि स्वास्थ्य बिमा सञ्चालन सम्बन्धी कार्यविधि २०७७**

**प्रस्तावना :**

नेपालको संविधानमा उल्लेख गरीएको मौलिक हक प्रचलन गर्न राज्यको दायित्व भएको, नेपालको संविधानद्धारा स्थानीयतहलाई प्राप्त व्यवस्थापकिय र कार्यपालिकीय अधिकार अर्न्तगत स्थानीय क्षेत्रका अति विपन्न तथा अशक्त नागरिकहरुको पहिचान गरी स्वास्थ्य बिमा कार्यक्रम मार्फत त्यस्ता नागरिकलाई स्वास्थ्य सेवा उपलब्ध गगाउने गरी खैरहनी नगरपालिकाको आर्थिक ऐन २०७७ मा निशुल्क स्वास्थ्य बिमा गराउने व्यवस्था गरेकोले सो कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न र अति विपन्न परिवारलाई सरल सहज रुपमा स्वास्थ्य बिमा गराउनको लागि वान्छनीय भएकाले नेपालको संबिधानको धारा २२१ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी नगर कार्यपालिकाको बैठकले यो कार्यविधि बनाई जारी गरेकोछ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "अति विपन्न परिवारको लागि स्वास्थ्य बिमा सञ्चालन सम्बन्धी कार्यविधि २०७७" रहनेछ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिवाट लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "अति बिपन्न" भन्नाले आफ्नो आर्थिक अवस्था कमजोर भएको, न्यूनतम क्यालोरी पूरा हुने गरी खान नपुग्ने, नियमित स्थायी आम्दानीको श्रोत नभएको, आफ्नो आम्दानीले पर्याप्त खान, लाउन, बस्न शिक्षा, स्वास्थ्य, उपचार गराउन नपुग्ने परिवारलाई जनाउछ ।

(ख) 'प्रमुख' भन्नाले नगर कार्यपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(ग) 'उपप्रमुख' भन्नाले नगर कार्यपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ ।

(घ) 'कार्यपालिका' भन्नाले संविधानको धारा २१६ बमोजिम गठीत खैरहनी नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ङ) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) 'ऐन' भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(छ) 'नगरसभा' भन्नाले संविधानको धारा २२३ बमोजिम गठीत खैरहनी नगरसभा सम्झनु पर्दछ ।

(ज) 'वडा समिति' भन्नाले संविधानको धारा २२३ को उपधारा (४) बमोजिम गठीत खैरहनी नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

(झ) स्वास्थ्य शाखा भन्नाले खैरहनी नगरपालिका अन्तरगतको स्वास्थ्य शाखालाई सम्झनु पर्दछ ।

## परिच्छेद- २
## विपन्नता पहिचानका आधारहरु

३. बिपन्न पहिचान कार्यविधि : (१) बिपन्न परिवारले नगरपालिकाद्धारा लागु गरिएको स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध हुन अनुसूची – १ अनुसारको ढाँचामा आवेदन भरी सम्बन्धित टोलविकास संस्थाको अध्यक्षको सिफारिश गराई सम्बन्धित वडा कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम टोल विकास संस्थाका अध्यक्षको सिफारिश सहीतको निवेदन प्राप्त भए पछि वडा अध्यक्षले निवेदनमा उल्लेखित व्यहोराको आधिकारीकताका विषयमा छानविन गरी बुझ्नु पर्ने कुरा बुझि यस कार्यविधिमा तोकिए बमोजिम मापदण्ड अनुसार स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गर्न सिफारिश गर्न उपयुक्त लागेमा पेश भएको निवेदन प्रमाणीत गरी पत्रसाथ संलग्न गरी नगरपालिकामा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनमा दफा ५ बमोजिमको समितिले दफा ४ बमोजिमका मापदण्डका आधारमा बिपन्नता पहिचान गरी स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गर्न सिफारिश गर्नेछ ।

(४) उपदफा (३) बमोजिम सिफारिश भएका परिवारलाई स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गर्न आवश्यक प्रक्रिया स्वास्थ्य शाखाले पुरा गर्नेछ ।

४. बिपन्नता पहिचानको आधारहरु : सामान्यतया विपन्नता पहिचानका आधारहरु देहाय बमोजिम हुनेछ :

(क) आफ्नो नियिमित आम्दानीको श्रोत नभएको वा भए पनि प्रति व्यक्ति वार्षिक रु.१९२६१।- भन्दा कम आय भएको

(ख) घरमा सफा खानेपानीको पहुँच नभएको

(ग) खाना पकाउन गुईठा, दाउरा वा कोईलाको प्रयोग हुने गरेको

(घ) घरमा रेडियो, टिभी, टेलीफोन, मोटरसाईकल, रेफ्रिजेरेटर, मध्ये कम्तीमा २ चिज पनि नरहेको

(ङ) परिवारको नाउँमा २ कठ्ठा वा सो भन्दा कम खेतियोग्य नम्वरी जमिन रहेको वा नम्वरी जमिन नै नरहेको

५. विपन्न परिवार सिफारिश समिति : (१) विपन्न परिवारको पहिचान गरी स्वास्थ्य बिमा कार्यक्रममा समावेशको लागि सिफारिश गर्न तपसिल बमोजिमका पदाधिकारी रहेको एक विपन्न परिवार सिफारिश समिति गठन हुनेछ :

| | |
|---|---|
| (क) नगर उपप्रमुख | – संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | – सदस्य |
| (ग) सामाजिक विकास समिति सयोजक | – सदस्य |
| (घ) स्वास्थ्य शाखाको प्रमुख | – सदस्य |
| (ङ) महिला तथा बालबालीका शाखाको प्रमुख | – सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तब्य, अधिकार देहाय बमोजिम हुनेछ :

क) सम्बन्धित वडाबाट सिफारिश भई आएका निवेदनमा छानबिन गर्ने ,

ख) अति बिपन्न परिबारको पहिचान गरी अभिलेख व्यवस्थित गर्ने,

ग) अति बिपन्न परिबारको पहिचान गरी स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गर्न सिफारिश गर्ने ।

घ) अति बिपन्न परिबारको सूचीमा परेको परिवारको लगत कट्टा गर्न आवश्यक भएमा सोको लागि सिफारिश गर्ने ।

ङ) विवरण ढाँटी स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध भएको पाइएमा कारबाहीको लागि सिफारिश गर्ने ।

(३) समितिको बैठक कम्तीमा महिनाको एकपटक बस्नेछ ।

(४) समितिले बैठकमा कुनै विज्ञको आवश्यकता भएमा आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिले बैठक सम्बन्धी अन्य कार्य विधि आफै निर्धारण गर्न सक्नेछ ।

६. लगत कट्टा गर्ने : (१) स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध भएको परिवारको लगत कट्टा गर्ने आधार देहाय बमोजिम हुनेछन :

(क) स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध भएको परिवार खैरहनी नगरपालिकाबाट अन्यत्र बसाई सरी गएमा,

(ख) अति बिपन्नको मापदण्ड भन्दा माथि परेको भनी सम्बन्धित वडा कार्यालयले सिफारिश गरेमा,

(ग) कुनै व्यक्तिले आफ्नो भएको विवरण ढाँटी स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध भएको प्रमाणीत भएमा ।

(२) उपदफा (१) बमोजिम लगत कट्टा गर्नु भन्दा पहिला दफा ५ बमोजिमको समितिले निर्णय गरी लगत कट्टाको लागि सिफारिश गर्नु पर्नेछ ।

(३) लगत कट्टा तथा अभिलेख व्यवस्थापनको काम स्वास्थ्य शाखाले गर्नेछ ।

७. बिमा कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था : (१) एक परिवारका बढीमा पाँच जनासम्म सदस्यहरुको लागि स्वास्थ्य बिमा गर्दा लाग्ने शुल्क रकम नगरपालिकाले व्यहोर्नेछ ।

(२) एकै परिवारमा पाँच जना भन्दा बढी सदस्य रहेको भए अन्य सदस्यहरुको स्वास्थ्य बिमा गर्दा लाग्ने शुल्क सम्बन्धित व्यक्ति स्वयंले व्यहोर्नु पर्नेछ ।

८. शुल्क भुक्तानी : स्वास्थ्य बिमा कार्यक्रम वापतको रकम भुक्तानी गर्दा नगरपालिकाले सम्बन्धित संस्थाको नाउँमा सिधै भुक्तानी गर्ने वा स्वास्थ्य बिमा दर्ता सहयोगी मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउनेछ ।

९. कारबाही सम्बन्धी व्यवस्था : (१) कुनै व्यक्तिले स्वास्थ्य बिमा कार्यक्रममा परिवारलाई आवद्ध गराउनको लागि गलत विवरण दिएको प्रमाणित भएमा त्यस्तो परिवारको नाम स्वास्थ्य बिमा कार्यक्रमको लगतबाट कट्टा गरी निजको स्वास्थ्य बिमा गर्दा लागेको रकम सरकारी बाँकी सरह जुनसुकै स्रोतबाट असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम असुल उपर गर्नु पर्ने रकम असुल नहुँदासम्म नगरपालिका र अन्तरगतका वडा कार्यालयहरुबाट प्रदान गरिने कुनै किसिमको सेवा त्यस्ता व्यक्तिको हकमा प्रदान गरिनेछैन ।

१०. संशोधन : यस कार्यविधिको कुनै दफा वा अनुसूचीमा संशोधन गर्नु परेमा कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ,

११. प्रचलित कानून बमोजिम हुने : यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै बमोजिम र उल्लेख नभएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची १
(परिच्छेद ७ को ४ सँग सम्बन्धित)
स्वास्थ्य बिमाको लागि दिईने निवेदन फाराम

आवेदकको फोटो

घरमुलीको नाम :

१. पारिवारिक विवरण

| क.सं. | नाम थर | ठेगाना | जन्ममिति | नाता | पेशा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

२. आर्थिक अवस्था :

| क.सं. | घर संख्या | किसिम | कोठा | शौचालय | पिउने पानी | विद्युत | इन्धन प्रयोग | कैफियत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

३. जग्गा जमिनको किसिम र क्षेत्रफल :
नम्बरी :
ऐलानी :
४. आम्दानीको स्रोत :
क. मुख्य श्रोत र सो बाट प्राप्त मासिक आय :
१.
२.
३.
(वैदेशीक रोजगारीमा भए देशको नाम समेत उल्लेख गर्ने)
ख. सहायक/अन्य श्रोत र सो बाट प्राप्त मासिक आय :
१.
२.
३.
तीन पुस्ते विवरण नाम :
विवरण पेश गर्नेको नाम :
विवरण पेश गर्नेको बाबुको नाम
विवरण पेश गर्नेको बाजेको नाम
अन्यत्रबाट खैरहनी बसाई आएको भए बसाई साराईको प्रमाणपत्र :

उपरोक्त बमोजिमको व्यहोरा ठिक साँचो हो । फरक पर्ने छैन, फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला भनी सही गर्ने :

आवेदकको नाम :
दस्तखत :
ठेगाना :

सिफारिश गर्ने :
अध्यक्ष
................. टोलविकास समिति
नगरपालिका वडा नं. ,...............

प्रमाणीत गर्ने
वडा अध्यक्ष
खैरहनी नगरपालिका वडा नं. खैरहनी

खैरहनी नगरपालिकाको स्थानीय राजपत्र

छैरहनी नगरपालिकाको स्थानीय राजपत्र